# विपन्न नागरिक औषधि उपचार राहत निर्देशिका
# २०६७

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ,काठमाडौं

# विपन्न नागरिक औषधि उपचार राहत निर्देशिका, २०६७

**प्रस्तावना:**

नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृती भई मिति २०६६।९।१ देखि लागू भएको नागरिक राहत, क्षतीपूर्ती तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६६ को दफा १३ को प्रावधानलाई मध्यनजर गर्दै आर्थिक अवस्था कमजोर भई अति विपन्न अवस्थामा रहेका नेपाली नागरिकलाई मुटु, क्यान्सर, मृगौला, अल्जाइमर्स तथा पार्किन्सस रोगको उपचारमा राहत प्रदान गरी स्वास्थ्य सेवाको पहुँचमा सहयोग पुऱ्याउने उद्धेश्यले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको विभागीय मन्त्रिस्तरको मितिः २०६७/६/१३ को निर्णयानुसार यो निर्देशिका वनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस निर्देशिकाको नाम "विपन्न नागरिक औषधि उपचार राहत निर्देशिका,२०६७" रहने छ ।

(ख) यो निर्देशिका तुरुन्त लागू हुनेछ ,

२.**परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) **"मन्त्रालय"** भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्दछ ।

(ख) **"कार्यविधि"** भन्नाले नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृती भई मिति २०६६।९।१ गते देखि लागू भएको नागरिक राहत , क्षतीपूर्ती तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६६ सम्झनु पर्दछ ।

(ग) **"अस्पताल"** भन्नाले यस निर्देशिकाको प्रयोजनको लागि दफा ३ वमोजिमका अस्पतालहरु सम्झनु पर्दछ ।

(घ) **"सम्पर्क केन्द्र"** भन्नाले दफा ५ बमोजिमको सम्पर्क केन्द्र सम्झनु पर्दछ ।

(ङ.) **"विपन्न विरामी नागरिक"** भन्नाले दफा ६ बमोजिमको समितिले सिफारिश गरेको विपन्न विरामी नागरिक सम्झनु पर्दछ ।

(च) **"सोधभर्ना रकम"** भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र यसले तोकेका अस्पतालहरुवाट विपन्न नागरिकलाई औषधि उपचार सेवा प्रदान गर्दा लागेको तोकिए बमोजिमको रकम मन्त्रालय समक्ष सोधभर्नाको लागि माग गर्ने रकम सम्झनु पर्छ ।

(छ) **"तोकिएका रोग"** भन्नाले मुटु, क्यान्सर,मृगौला, अल्जाइमर्स तथा पार्किन्सस सम्बन्धी कडारोग लाई सम्झनु पर्दछ ।

३.**तोकिएका अस्पतालहरु** ( १ ) विपन्न नागरिकले औषधि उपचार राहत सुविधा पाउने अस्पतालहरु देहाय बमोजिम हुनेछन् ।

(क) **क्यान्सर रोगको उपचारको लागि -** वीर अस्पताल काठमाडौं, त्रि.वि.शिक्षण अस्पताल,महाराजगंज,काठमाडौं, वी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर, भक्तपुर क्यान्सर अस्पताल भक्तपुर, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल,थापाथली, वी.पि.कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान,ललितपुर र कान्ति वाल अस्पताल काठमाडौ, ।

(ख). **मृगौला रोगको उपचारकालागिः-** वीर अस्पताल काठमाडौ, त्रि.वि.शिक्षण अस्पताल महाराजगन्ज काठमाडौं, वी.पि.कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरान,कान्तीवाल अस्पताल, यो रोगको उपचार सुविधा भएका क्षेत्रीय, उपक्षेत्रीय र अञ्चल अस्पतालहरु तथा मन्त्रालयको छनैाटमा पर्ने निजी तथा गैह्न सरकारी स्वास्थ्य संस्थाहरु ।

(ग). **मुटुरोगको उपचारको लागिः-** वीर अस्पताल काठमाडौ, त्रि.वि. शिक्षण अस्पताल महाराजगन्ज काठमाडौं, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र बाँसबारी काठमाण्डौ, वी.पि.कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरान (BPKIHS), पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान,कान्तीवाल अस्पताल र यो रोगको उपचार सुविधा भएका क्षेत्रीय, उपक्षेत्रीय र अञ्चल अस्पतालहरु ।

(घ) **अल्जाइमर्स तथा पार्किन्ससका लागिः** यस सम्बन्धी रोगको उपचार सुविधा भएका मन्त्रालयवाट तोकिए बमोजिमका अस्पतालहरु ।

(२) उपदफा (१) वमोजिम औषधि उपचार राहत उपलब्ध हुने रोगको सूचि अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ ।

४. विपन्न नागरिकलाई औषधि उपचार राहत प्रदान गर्ने :- (१) मन्त्रालयले कार्यविधि र यस निर्देशिकाको अधीनमा रही बिभिन्न अस्पतालबाट विपन्न नागरिकलाई औषधि उपचारमा राहत उपलब्ध हुने व्यवस्था मिलाउन सक्नेछ ।

(२) साल बसाली रुपमा मन्त्रालयलाई प्राप्त हुने यस सम्बन्धी बजेटको आधारमा अस्पतालहरु मार्फत उपचार सम्बन्धी राहतको व्यवस्था मिलाइने छ ।

(३) दफा (२) बमोजिमको उपचार राहत वापत एक जना विरामीको लागि उपचार गर्दा लागेको रकम मध्ये बढीमा पचास हजार रुपैंया सम्मको रकम मन्त्रालयले सम्बन्धित अस्पताललाई प्रदान गर्नेछ ।

(४) उप दफा(३) बमोजिमको रकम वापतको भुक्तानी मन्त्रालयले अग्रिम रुपमा वा सोधभर्नाको रुपमा एकमुष्ट वा पटक पटक गरी सम्बन्धित अस्पताललाई उपलब्ध गराउन सक्नेछ ।

५. <u>अस्पतालमा सम्पर्क केन्द्र खडा गर्नुपर्नेः-</u> (१) यस निर्देशिका बमोजिम विपन्न नागरिकलाई मुटु क्यान्सर,मृगौला अल्जाइमर्स तथा पार्किन्सस रोगको उपचारमा राहत प्रदान गर्ने सम्बन्धमा प्रभावकारी व्यवस्थापनको लागि अस्पतालले छुट्टै सम्पर्क केन्द्र खडा गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम खडा हुने सम्पर्क केन्द्रमा प्रर्याप्त जनशक्ति र प्रविधिको व्यवस्था गर्ने गराउने जिम्मेवारी अस्पताल प्रमुखको रहने छ । यस निर्देशिका बमोजिम अस्पतालले प्राप्त गर्ने रकमको बढीमा ०.२५ प्रतिशत रकम सम्पर्क केन्द्र व्यवस्थापनको लागि खर्च गर्न सक्नेछ।

(३) उपदफा (१) वमोजिम खडा गरिएको सम्पर्क केन्द्रको साइन बोर्ड सबैले देख्ने गरी सम्बन्धित अस्पतालमा राख्नु पर्नेछ।

६. **विपन्न नागरिकले उपचार सेवा लिने तरिकाः-** (१) कार्यविधिको दफा १३.४ मा व्यवस्था भए बमोजिमको देहायको समितिको सिफारिश सहित सम्बन्धित अस्पतालको सम्पर्क केन्द्रमा सम्पर्क राख्नु पर्नेछ।

| | | |
|---|---|---|
| **(क) जिल्ला विकास समितिका सभापति वा निज नभएको अवस्थामा प्रमुख जिल्ला अधिकारी** | **–** | **अध्यक्ष** |
| **(ख) स्थानीय विकास अधिकारी** | **–** | **सदस्य** |
| **(ग) जिल्ला अस्पतालका चिकित्सक** | **–** | **सदस्य** |
| **(घ) कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख** | **–** | **सदस्य** |
| **(ङ) जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयका प्रमुख** | **–** | **सदस्य सचिव** |

(२) उप दफा (१) बमोजिमको समितिले यस निर्देशिका बमोजिमको उपचार राहतका लागि सिफारिस गर्दा तोकिएका रोगका विपन्न नागरिक लाई मात्र सिफारिश गर्नुपर्ने छ।

(३) उप दफा (२) बमोजिमको सिफारिस गर्दा यसमा तोकिएका रोग मध्ये एउटा रोगको लागि एक जना विरामीलाई एक पटक भन्दा बढी सिफारिश नहुने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ । यस्तो सिफारिसको अभिलेख सम्बन्धित जिल्लाको जिल्ला जनस्वास्थ्य कार्यालय/स्वास्थ्य कार्यालयले स्पष्ट रुपमा राखि मासिक प्रतिवेदन मन्त्रालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(४) उप दफा (२) बमोजिम सिफारिश गर्दा अनुसूची (४) बमोजिमको ढाँचामा सिफारिश गर्नुपर्ने छ।

(५) उप दफा (१) बमोजिमको समितिले सिफारिस गर्दा यस प्रयोजनका लागि तोकिएका अस्पतालहरु मध्ये विरामीको माग बमोजिम सम्बन्धित अस्पतालमा सिधै सिफारिश गरी

पठाउनु पर्नेछ र यस्तो सिफारिसलाई सम्बन्धित अस्पतालले अनिवार्य रुपमा ग्रहण गर्नुपर्नेछ । यसका लागि मन्त्रालयमा सिफारिश गर्न आवश्यक पर्ने छैन् ।

## ७. सम्पर्क केन्द्र प्रमुखको काम, कर्तव्य तथा अधिकारः-

दफा (५) वमोजिम सम्बन्धित अस्पतालमा खडा गरिएका सम्पर्क केन्द्र प्रमुखको काम, कर्तव्य तथा अधिकार देहाय वमोजिम हुनेछ ।

(क) दफा (६) वमोजिम सम्पर्कमा आएका विपन्न विरामीको अभिलेख राख्ने ।

(ख) खण्ड (क) वमोजिमका विरामीलाई सम्वन्धित चिकित्सक समक्ष प्रेषण गन

(ग) उपचारका कममा विरामीलाई चिकित्सकको सल्लाह वमोजिम औषधि उपलब्ध गराउने ।

(घ) दफा ४ वमोजिमको रकमको सिमा भित्र रही एकजना विरामीलाई उपचार राहत एकै पटक वा पटक पटक गरी प्रदान गर्न सकिने छ । यस बमोजिमको रकम बरावरको सुविधा पाईसकेका विरामीलाई थप रकम लाग्ने गरी उपचार राहत नदोहरिने व्यवस्था गर्नुपर्नेछ । यस्तो प्रकारको उपचार राहत एक अस्पतालवाट पाई सकेका लाई अर्को अस्पतालवाट समेत दोहोरीने गरि प्रदान गर्न पाइने छैन । तर यसमा तोकिएका रोग मध्यका एउटा रोगको लागि सुविधा पाएकोमा अर्को रोगको लागि थप प्रकृया वाट सुविधा उपलब्ध गराउन वाधा पुग्ने छैन् ।

(ङ.) तोकिएको रकम भन्दा बढी रकम एक विरामीको लागि खर्च नहुने गरी स्पष्ट अभिलेखको ब्यवस्था मिलाउनु पर्नेछ ।

(च) खण्ड (ग) वमोजिम औषधि उपलब्ध गराएको अभिलेख अद्यावधिक गरि राख्ने ।

(छ) विपन्न नागरिक उपचार राहत वापत नगदै भुक्तानी दिन पाईने छैन ।

(ज) अस्पताल प्रमुखले विपन्न विरामीको उपचारको सम्बन्धमा समय समयमा दिएको निर्देशन पालन गर्ने ।

## ८. कारवाही हुनेः-

यस निर्देशिका विपरित कार्य गर्ने अस्पताल, अस्पताल प्रमुख तथा सम्पर्क केन्द्र प्रमुखलाई निजको सेवा शर्त सम्बन्धी कानूनको उलङ्घन गरे सरह मानी विभागीय कारवाही हुनेछ । निजी तथा गैह्र सरकारी अस्पतालहरुको हकमा यस निर्देशिका विपरीत कार्यगर्ने अस्पताल प्रमुखलाई आवश्यक कारवाही गरी अनुदान रोक्का गरिने छ ।

## ९. अभिलेख राख्नुपर्ने :-

१) प्रत्येक अस्पतालले दफा ४ वमोजिम मन्त्रालयबाट प्राप्त भएको रकमको छुट्टै लेखा राख्नु पर्नेछ

२) उपदफा (१) वमोजिमको खर्चको मासिक विवरण अनुसूची ३ को ढाँचामा मन्त्रालयमा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

**१०. लेखापरीक्षण :-**

१) दफा ४ वमोजिम प्राप्त भएको रकमको खर्चको विवरण सहित प्रचलित कानून वमोजिम लेखा परीक्षण गराउनु सम्बन्धित अस्पतालको कर्तव्य हुनेछ ।

२) उप दफा (१) वमोजिमको लेखा परीक्षणको प्रतिवेदन प्रत्येक वर्षको असोज मसान्त भित्र मन्त्रालयमा वुझाउनु पर्नेछ ।

**११. खारेजी र बचाउः**

यो निर्देशिका लागू भएको मिति देखी औषधि उपचार आर्थिक सहायता सम्बन्धी कार्यविधि निर्देशिका,२०६५ स्वतः खारेज हुनेछ । यस अघि उक्त कार्यविधि निर्देशिका वमोजिम भएका कार्यहरु यसै निर्देशिका वमोजिम भएको मानिनेछ ।

# अनुसुची १

## दफा २ को (छ) संग सम्बन्धित निशुल्क उपचार हुने रोगको विवरण

यस निर्देशिकाको प्रयोजनको लागि देहायको रोगको लागि कडा रोग भन्नाले देहाय बमोजिम संभन्नु पर्छ ।

**१. मृगौलाको रोग**

क. अल्पकालिन रुपमा मृगौलाले काम नगरेको (ARF)

ख. दीर्घकालिन रुपमा मृगौलाले काम नगरेको । (CRF)

ग. Acute Glumerulo Nephritistis and Nephritis Syndrome भएका ।

घ. मृगौला खराव भै Dialysis गर्नुपर्ने भएमा ।

च. मृगौला पिसावनली पिसाव थैली, Prostate, Urethra संग सम्बन्धित Operation गर्नुपर्ने भएमा

१.१. मृगौला रोगका लागि पाउने सुविधाहरु : माथी उल्लेखित अवस्थाको पहिचान तथा उपचारका लागि आवश्यक पर्ने औषधि तथा सेवा शुल्कहरु ।

**२. मुटुरोग सम्बन्धि**

२.१. मुटु रोगका लागि पाउने सुविधाहरु :

क. मुटुरोगको निदानका लागी आवश्यक पर्ने विशेष परिक्षणहरु जस्तैः ECG, Echo cardiography, Lab tests TMT, Halter Monitoring, ABP, Angiography सवै प्रकारका सल्य चिकित्सा सुविधाहरु ।

ख. मुटु रोगको उपचारमा प्रयोग हुने औषधिहरु तथा सेवा शुल्कहरु ।

**३. सवै किसिमका क्यान्सर रोगहरु**

३.१. क्यान्सर रोगका लागि पाउने सुविधाहरु : यस रोगको पहिचान तथा उपचारका लागि आवश्यक पर्ने औषधि तथा सेवा शुल्कहरु ।

**४. अल्जाइमर्स तथा पार्किन्ससका रोगहरुः**

४.१. पाउने सुविधाहरुः यी रोगहरुको पहिचान तथा उपचारका लागि आवश्यक पर्ने औषधि तथा सेवा शुल्कहरु ।

अनुसूची २

दफा ७ संग सम्बन्धित

**औषधि उपचारको अभिलेख**

फोटो

अर्थिक सहायता सम्बन्धि अभिलेख फाराम

विरामीको नाम: नागरिकता नं.: रोगको नाम

उमेर :

ठेगाना: सम्पर्क फोन नं:

उपचारमा आएको मिति: विपन्न दर्ता नं:

| क.सं. | उपचार तथा फलो-अप मा आएको मिति | विरामीको सेवा विवरण र लागेको रकम (रु.मा) | | | | | उपचारमा लागेको जम्मा खर्च | विरामीले जम्मा पाउन सक्ने उपचार सेवाको अधिकत्तम रकम | बाँकि रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ओ.पि.डि | निदान | उपचार | औषधि | अन्य | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

प्रतिवेदन तयार गर्ने:
नाम:
पद:
दस्तखत:

प्रतिवेदन प्रमाणित गर्ने:
नाम:
पद :
दस्तखत:

# अनुसूची ३

## दफा ९ संग सम्बन्धित
## अर्थिक सहायता सम्बन्धि प्रतिवेदन फाराम

| क.सं. | विरामीको नाम थर | ठेगाना र ना.प्र.नं. | जन्म मिति | पिता/पतिको नाम थर | रोगको किसिम | उपचारको प्रकार | उपचारको मिति | जम्मा खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

प्रतिवेदन तयार गर्ने
नाम
पद
सही

प्रतिवेदन प्रमाणित गर्ने
नाम
पद
सही

# अनुसूची ४

## दफा ६ को उप दफा(४) संग सम्बन्धित

विपन्न विरामी नागरिक सिफारिश व्यहोरा(जिल्ला जनस्वास्थ्य / स्वास्थ्य कार्यालयले खुलाउनु पर्ने विवरण)

- विरामीको नाम,थर र ठेगाना,ना.प्र.पत्र नं.,सम्पर्क फोन नं. खुलेको हुनुपर्ने ।
- उपचारको लागि तोकिएको अस्पतालमा सिफारिश गर्नुपर्ने ।
- रोग पहिचान भएको चिकित्सकको प्रिस्किप्सनको संशिप्त व्यहोरा ।
- उपचार राहतका लागि सिफारिश गरिएको भन्ने र समितिको माइन्युटको प्रतिलिपि संलग्न गरी पठाउने ।

| | |
|---|---|
| Filename: | Guideline for Below Poor Level.docx |
| Directory: | E:\Work\Web Documents |
| Template: | C:\Documents and Settings\WHO\Application Data\Microsoft\Templates\Normal.dotm |
| Title: | |
| Subject: | |
| Author: | Office |
| Keywords: | |
| Comments: | |
| Creation Date: | 6/17/2010 4:38:00 PM |
| Change Number: | 104 |
| Last Saved On: | 11/9/2010 3:42:00 PM |
| Last Saved By: | Rajan Adhikari |
| Total Editing Time: | 549 Minutes |
| Last Printed On: | 11/9/2010 3:46:00 PM |

As of Last Complete Printing

| | |
|---|---|
| Number of Pages: | 10 |
| Number of Words: | 1,592 (approx.) |
| Number of Characters: | 9,075 (approx.) |